श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

“सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं”

# नेपाल निजामती कर्मचारी संगठन

(Nepal Government Employees' Organization)

केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं

(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

मितिः- २०८०/३/१९

प.सं.०७९/०८०
च.नं. ९२

**श्री राष्ट्रसेवक सहकारी,**
**प्रदेश समन्वय समिति,**
**लुम्बिनी प्रदेश ।**

प्रस्तुत विषयमा तहाँ प्रदेश अन्तर्गत सञ्चालित राष्ट्रसेवक सहकारीहरुको सम्पन्न प्रदेश भेलामा भएको **“वित्तिय विश्लेषण”**का आधारमा निक्यौंल गरिएका संकटोन्मुख संस्थाको सबलीकरण र समस्या समाधानार्थ कार्ययोजना बनाई सहकारीहरुलाई व्यवस्थित गर्ने कार्यमा लाग्नु हुन र कार्य प्रगतिको केन्द्रमा जानकारी पठाउनु हुन समेत अनुरोध छ ।

जीवन काफ्ले
महासचिव

**नोटः- प्रदेश भेलामा अनुपस्थित जिल्लाको (संस्थाको) २०७९ असार मसान्तको वासलात(सम्पत्ति दायित्व) विवरण संकलन गरी २०८० श्रावण पहिलो हप्ता अगावै केन्द्रको ईमेल ठेगाना www.negeocc078@gmail.com मा पठाई दिनहुन अनुरोध छ ।**

**बोधार्थः**
श्री नेपाल निजामती कर्मचारी संगठन
प्रदेश कार्यसमिति, कोशी, गण्डकी, लुम्बिनी, बागमती ।

श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

**नेपाल निजामती कर्मचारी संगठन**

**(Nepal Government Employees' Organization)**

**केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं**

(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

मितिः २०८०/०३/१९

**प.सं.०७९/०८०**
**च.नं.९३**

**श्री राष्ट्रसेवक सहकारी संस्था लि.**
**सबै ।**

विषयः **सहमतिपत्र अनुमोदन सम्बन्धमा** ।

प्रस्तुत विषयमा राष्ट्रसेवक सहकारीहरुको प्रदेश भेला तथा वित्तिय विश्लेषण कार्यशालामा भएको सहमतिपत्र यसै साथ संलग्न गरी पठाईएको छ । उक्त सहमतिलाई सञ्चालक समितिबाट अनुमोदन गराई सो को जानकारी नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समिति, केन्द्रीय सहकारी विभागमा यथाशिघ्र पठाई दिनु हुन तथा वित्तिय विश्लेषण कार्यशालामा देखिएका सुधार गर्नुपर्ने विषयहरुलाई आगामी साधारण सभामा नीति बनाई कार्यान्वयन गर्ने तर्फ लाग्नु हुन अनुरोध छ ।

जीवन काफ्ले
महासचिव

**बोधार्थः**

१) श्री राष्ट्रसेवक सहकारी संस्था लि.
प्रदेश समन्वय समिति, सबै

२) श्री नेपाल निजामती कर्मचारी संगठन,
जिल्ला कार्य समिति, सबै

# सहमति पत्र

लुम्बिनी प्रदेशस्तरीय राष्ट्रसेवक सहकारी संस्था लिमिटेडहरुको भेला आयोजक समितिको आयोजना, नेपाल निजामती कर्मचारी संगठन, लुम्बिनी प्रदेश कार्य समितिको व्यवस्थापन र नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति, बाँकेको व्यवस्थापन सहयोग तथा लुम्बिनी प्रदेशका राष्ट्रसेवक सहकारी संस्था लिमिटेडहरुको आर्थिक व्यवस्थापनमा मिति २०८० वैशाख १६ गते नेपालगञ्ज, बाँकेमा सम्पन्न भएको नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा स्थापित राष्ट्रसेवक सहकारी संस्था लिमिटेडहरुको **"लुम्बिनी प्रदेशस्तरीय प्रथम भेला"**बाट पारित सहमति आआफूले प्रतिनिधित्व गरेको संस्थाको तर्फबाट हस्ताक्षर गरेका छौं ।

## तपसिल :

१. मिति २०८० वैशाख १६ गते नेपालगञ्ज, बाँकेमा सम्पन्न लुम्बिनी प्रदेशभित्रका राष्ट्रसेवक सहकारी संस्था लिमिटेडहरुको लुम्बिनी प्रदेशस्तरीय प्रथम भेलाबाट पारित भई निर्माण भएको लुम्बिनी प्रदेश समन्वय समितिको सञ्चालन र पारित नीति कार्यान्वयनमा सहयोग गर्ने ।

२. एक अर्को संस्थासँग पारस्पारिक कारोबार, वार्षिक प्रतिवेदनको जानकारी आदानप्रदान गर्ने र नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय सहकारी विभाग, केन्द्रीय समन्वय समिति र नेपाल निजामती कर्मचारी संगठन प्रदेश सहकारी विभाग, राष्ट्रसेवक सहकारी प्रदेश समन्वय समिति र सम्वन्धित सरकारी निकायहरुमा मासिक र वार्षिक प्रतिवेदन पठाउने ।

३. एक अर्को संस्थाबाट अनुरोध भई आएमा ऋण असुलीमा सहयोग पु¥याउने ।

४. सन्तोषजनक कारोबार नगर्ने सदस्यहरुको सूची आदानप्रदान गर्ने ।

५. समन्वय समितिबाट उपयुक्त देखिएका संयुक्त लगानीका आयोजना सञ्चालन गर्न रकम लगानी गर्ने ।

६. नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय सहकारी विभाग, सहकारी केन्द्रीय समन्वय समिति र नेपाल निजामती कर्मचारी संगठन लुम्बिनी प्रदेश सहकारी विभाग, सहकारी प्रदेश समन्वय समितिले सञ्चालन गर्ने सहकारी प्रवर्द्धन सम्बन्धी कार्यक्रमको लागि तोकिएको आर्थिक दायित्व बहन गर्ने ।

७. राष्ट्रसेवक सहकारीहरुले सहकारी ऐन बमोजिम अन्य संघ, संस्थामा लगानी गर्दा नेपाल निजामती कर्मचारी संगठनको केन्द्रीय सहकारी विभाग, सहकारी केन्द्रीय समन्वय समिति र नेपाल निजामती कर्मचारी संगठन प्रदेश सहकारी विभाग, प्रदेश समन्वय समितिसँग समन्वय गर्ने ।

८. लुम्बिनी प्रदेशभित्र सम्भव भएसम्म संयुक्त लगानीका परियोजना/सहकारी संस्था एकीकरणका सम्भाब्यता खोजी गरी कार्यान्वयनमा ल्याउन पहल गर्ने ।

९. हाल संचालनमा रहेका सहकारीहरुका सदस्य संख्या र कूल सम्पत्ति दायित्व आगामी १ वर्षभित्र कम्तीमा २० प्रतिशतसम्म बृद्धि गर्न पहल गर्ने ।

१०. सहकारी संस्थाको सुदृढीकरणका लागि संस्थाका संचालक, प्रबन्धक, व्यवस्थापक, कर्मचारीहरुको कार्य जिम्मेवारी वर्गीकरण गरी भेला, प्रशिक्षण सञ्चालन गर्ने ।

११. राष्ट्रसेवक सहकारीहरुको चौथो राष्ट्रिय भेलाबाट पारित सम्बद्धता शुल्क नीति अनुसार समन्वय समितिको कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न आगामी आ.व. २०८०/०८१ देखि सबै संस्थाहरुले कूल सम्पत्ति दायित्वको ०.०३ प्रतिशतले हुन आउने रकम र प्रति शेयर सदस्य रु. ३ का दरले हुने रकम वार्षिक रुपमा सम्वद्धता शुल्क वापत हरेक वर्षको पौष मसान्तभित्र ५० प्रतिशतले हुन आउने रकम केन्द्रीय समन्वय समितिमा र बाँकी ५० प्रतिशत प्रदेश समन्वय समितिमा रकम पठाइने छ ।

१२. राष्ट्रसेवक सहकारी संस्था लिमिटेडहरुको राष्ट्रिय भेला नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय सहकारी विभाग, सहकारी केन्द्रीय समन्वय समिति र नेपाल निजामती कर्मचारी संगठन प्रदेश सहकारी विभाग, प्रदेश समन्वय समितिका सुझाव तथा निर्णय कार्यान्वयन गर्ने ।

१३. यो सहमति पत्र आगामी २०८० जेठ मसान्तभित्रमा सवै सहकारी संस्थाहरुको सञ्चालक समितिको बैठकबाट अनुमोदन गराई नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय सहकारी विभाग, सहकारी केन्द्रीय समन्वय समिति र नेपाल निजामती कर्मचारी संगठन लुम्बिनी प्रदेश सहकारी विभाग, सहकारी प्रदेश समन्वय समितिलाई जानकारी गराई सक्ने व्यवस्था गर्ने ।

## नेपाल निजामती कर्मचारी संगठन र राष्ट्रसेवक सहकारी संस्था लिमिटेडहरुको तर्फबाट सहमति पत्रमा हस्ताक्षरकर्ताहरु

| सिं.नं. | जिल्ला | पद | नाम, थर | फोन नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | रुपन्देही | अध्यक्ष संगठन | श्री प्रेमप्रसाद खनाल | ९८५७०२९०५५ | |
| | | अध्यक्ष सहकारी | श्री शालिकराम पाण्डे | ९८४७०२२१६८ | |
| २ | कपिलवस्तु | अध्यक्ष संगठन | श्री प्रकाश गौतम | ९८५७०५०३७९ | |
| | | अध्यक्ष सहकारी | श्री सन्तोष वहादुर थापा | ९८४७५४४४७१ | |
| ३ | अर्घाखाँची | अध्यक्ष संगठन | श्री गणेश प्रसाद भण्डारी | ९८५७०६३४५६ | |
| | | अध्यक्ष सहकारी | श्री बुद्धिराम गैरे | ९८४७१०७४४५ | |
| ४ | गुल्मी | अध्यक्ष संगठन | श्री भिमलाल खनाल | ९८५७०४८७५५ | |
| | | अध्यक्ष सहकारी | श्री गोपाल प्रसाद पाण्डे | ९८४७१८४२०६ | |
| ५ | पाल्पा | अध्यक्ष संगठन | श्री युवराज ज्ञवाली | ९८४७०६७२६५ | |
| | | अध्यक्ष सहकारी | श्री पूर्ण प्रसाद घिमिरे | ९८५७०६०५४४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | प्यूठान | अध्यक्ष संगठन | श्री हरि प्रसाद पौडेल | ९८५७८३२५५८ | |
| | | अध्यक्ष सहकारी | श्री गोपाल प्रसाद नकर्मी | ९८४७८३९४०० | |
| ७ | बाँके | अध्यक्ष संगठन | श्री देवीलाल चौलागाई | ९८५१२२३३७३ | |
| | | अध्यक्ष सहकारी | श्री कृष्ण कुमार थापा | ९८४८०२९७६० | |
| ८ | वर्दिया | अध्यक्ष संगठन | श्री कृष्ण बहादुर विष्ट | ९८६८११५५८८ | |
| | | अध्यक्ष सहकारी | श्री दुर्गादत्त बसौला | ९८४८२००२९२ | |
| ९ | दाङ | अध्यक्ष संगठन | श्री शेर बहादुर के.सी. | ९८५७८४२२५५ | |
| | | अध्यक्ष सहकारी | श्री गणेश प्रसाद दाहाल | ९८५७८८३४२१६ | |
| १० | रोल्पा | अध्यक्ष संगठन | श्री हिमाल घर्ति मगर | ९८४९८८०६२४ | |
| | | अध्यक्ष सहकारी | श्री हिमाल घर्ति | ९८४९८८०६२४ | |
| ११ | नवलपरासी | अध्यक्ष संगठन | श्री विष्णु प्रसाद ढकाल | ९८५७०६२६५० | |
| | | अध्यक्ष सहकारी | श्री गणेश प्रसाद घिमिरे | ९८५७०४६४५५ | |
| १२ | रुकुम पूर्व | | श्री हर्क बहादुर शाही | ९८६६९१९०७७ | |